बैठक संख्या : ११
बैठक मिति : २०७६।८।५

छलफल तथा निर्णय

१. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ अनुसार माननीय सदस्य ई. सुशील भट्टको संयोजकत्वमा गठित आयोजना/कार्यक्रम छनौट समितिले सोही कार्यविधिको दफा ५ को उपदफा २ मा भएको व्यवस्था अनुसार समपूरक अनुदान प्रदान गर्न सिफारिस गरिएका संलग्न सूचिमा उल्लेख भएको प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको विवरण र समपूरक अनुदानको बजेट सिमा सहितको प्रतिवेदन आयोगको बैठकमा प्रस्तुत भई छलफल भयो । समपूरक अनुदान बाँडफाँड सम्बन्धी उक्त प्रतिवेदन स्वीकृत गरी बजेट निकासाका लागि अर्थ मन्त्रालयमा पठाउने ।

२. विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ अनुसार माननीय सदस्य श्री मीनबहादुर शाहीको संयोजकत्वमा गठित आयोजना/कार्यक्रम छनौट समितिले सोही कार्यविधिको दफा ५ को उपदफा २ मा भएको व्यवस्था अनुसार विशेष अनुदान प्रदान गर्न सिफारिस गरिएका संलग्न सूचिमा उल्लेख भएको प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको विवरण र विशेष अनुदानको बजेट सिमा सहितको प्रतिवेदन आयोगको बैठकमा प्रस्तुत भई छलफल भयो । विशेष अनुदान बाँडफाँड सम्बन्धी उक्त प्रतिवेदन स्वीकृत गरी बजेट निकासाका लागि अर्थ मन्त्रालयमा पठाउने ।